# सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्नका लागि
तयार पारिएको

शोधपत्र

शोधकर्ता
तोपबहादुर कुँवर
क्याम्पस क्रमाङ्क : १७७/२०६४
परीक्षा रोल नं. २४०००५९/२०६६
त्रि.वि. दर्ता नं. १३३२-८४

सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०७०

# कृतज्ञता

शोधपत्र तयारीका क्रममा अमूल्य सहयोग तथा सुझाव सल्लाह प्रदान गर्नुहुने शोध निर्देशक उप. प्रा. देनप्रसाद लामिछानेज्यूप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । त्यसै गरी यस शोधपत्र तयारीका लागि शीर्षक स्वीकृतक गर्नुका साथै आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख उप. प्राध्यापक कुवेरनाथ शर्माज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु साथै उप. प्राध्यापक होमनाथ सापकोटा, स. प्राध्यापक जयकृष्ण शर्माज्यूहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यको सिलसिलामा आवश्यक सूचना तथा तथ्यांकहरु र सुझावहरु उपलब्ध गराई सहयोग गर्नुहुने छनोटमा परेका विद्यालयका प्र.अ.हरु, वि.व्य.स.का पदाधिकारीहरु, अभिभावकहरु र विद्यार्थीहरु प्रति आभार व्यक्त गर्दै अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यस शोधपत्रलाई समयमा नै टंकलन गरी अन्तिम रुप प्रदान गर्नुहुने सौरभ फोटोकपी परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु साथै यस शोधपत्र तयारीका क्रममा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण बुद्धिजिवी महानुभावहरुमा कृतज्ञ छु ।

तोप बहादुर कुँवर

# शोधसार

***सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था*** *नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्र सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था पहिचान गर्नु, कर्मचारी व्यवस्थापनले शिक्षामा प्रभाव पार्ने तत्वहरुको लेखाजोखा गर्नु, सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनका समस्याहरु पहिचान गर्नु र कर्मचारी व्यवस्थापन गरी शैक्षिकउपलब्धि वृद्धि गर्ने उपायहरु सुझाउनु जस्ता उद्देश्यहरुमा केन्द्रित भएर यो शोधपत्र तयार पारिएको छ ।*

*यस अध्यनयमा उल्लेखित उद्देश्यहरु पूरा गर्नका लागि देवघाट स्रोतकेन्द्र अन्तर्गतका २२ वटा सामुदायिक विद्यालयहरु मध्ये श्री बज्रयोगिनी मा.वि., कालिका उ.मा.वि, सिद्ध महकाली नि.मा.वि. र महेस संस्कृत गुरुकुल मा.वि. गरी जम्मा ४ वटा विद्यालयहरुमा सम्भावना रहित उद्देश्यपूर्ण नमुना छनोट विधिको आधारमा शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी, अभिभावक, स्रोतव्यक्तिहरुलाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ । तथ्यांकका प्राथमिक एवम् द्वितीय स्रोतहरुको प्रयोग गरेर छलफल तथा अन्तरक्रिया गरी तथ्यांक संकलन गरी सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको वर्तमान अवस्था, त्यसले शिक्षामा पारेको प्रभाव, कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरुका बारेमा व्याख्या एवम् विश्लेषण गरिएको छ । त्यसैले यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा गुणात्मक विधिको प्रयोगद्वारा तथ्यांकको व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययन अनुसन्धालाई पूर्णता प्रदान गर्नका लागि विभिन्न लेखरचना तथा आजभन्दा अगाडि गरिएका सम्बन्धित साहित्यहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन अनुसन्धान गरिएको छ ।*

*विद्यालयमा कर्मचारी व्यवस्थापनको बारेमा अध्ययन गर्दा छनोटमा परेका धेरैजसो विद्यालयमा कर्मचारीलाई दिइने पारिश्रीमक नेपाल सरकारले तोकेको भन्दा न्यूनतम रहेको, कर्मचारीलाई अध्यापन कार्यमा लगाउने हुँदा कार्यभार बढी हुने जस्ता समस्याहरु रहको*

पाइयो । विद्यालयमा कर्मचारी व्यवस्थापनले शिक्षामा के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा अध्ययन अनुसन्धान गर्दा कर्मचारीलाई उचित पारिश्रमिक दिएर प्रभावकारी ढंगबाट व्यवस्थापन हुन सकेका विद्यालयमा विद्यालयको शैक्षिक वातावरण सुमधुर बन्न पुगेको पाइयो । निष्पक्ष ढंगबाट कर्मचारीको नियुक्ति गरी उनीहरुलाई उचित पारिश्रमिक दिएर पेशाप्रति प्रोत्साहन गर्नुका साथै, कार्यरत कर्मचारीलाई पुनर्ताजगी तालिम, विमाको व्यवस्था, पोषाक व्यवस्था गर्न सकेको खण्डमा कर्मचारीको उचित व्यवस्थापन हुन पुगी शैक्षिक उपलब्धिमा समेत सकरात्मक प्रभाव पर्न सक्नेछ भन्ने निष्कर्ष प्रस्तुत गर्नुका साथै भोलिका दिनहरुमा सामुदायिक विद्यालयहरुमा कर्मचारीहरुको उचित व्यवस्थापनका लागि नीति निर्माण तहमा कसले के नीति के कसरी निर्माण गरेको खण्डमा व्यवस्थापन प्रक्रिया थप प्रभावकारी हुन सक्दछ, कार्यान्वयन पक्षले के कसरी कार्यान्वयन गर्नु आवश्यक छ र भावि अनुसन्धानकर्ताहरुले के कस्ता विषयहरुमा के कस्ता समस्याहरुलाई लिएर अध्ययन अनुसन्धान गर्न सकेको खण्डमा कर्मचारीको व्यवस्थापन अझ प्रभावकारी ढङ्गबाट हुन सक्दछ भन्ने जस्ता कुराहरुलाई सुझाव स्वरुप प्रस्तुत गरिएको छ ।

## विषय सूची

**परिच्छेद एक : परिचय** १-९
१.१ अध्ययनको पृष्ठभुमि १
१.२ समस्याको कथन ५
१.३ अध्ययनको औचित्य ६
१.४ अध्ययनको उद्देश्य ७
१.५ अनुसन्धानात्मक प्रश्नहरु ८
१.६ अध्ययनका परिसिमाहरु ८

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** १०-२०
२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०
२.२अध्ययनको सैद्धान्तिक खाका १७
२.३. पुनरावलोकनको उपादेयता १९

**परिच्छेद तीन : अध्ययन विधि** २१-२४
३.१ अनुसन्धनात्मक ढाँचा २१
३.२ जनसंख्या र नमुना छनौट २१
३.३. तथ्याङ्कका स्रोतहरू २३
३.३.१ प्राथमिक स्रोत २३
३.३.२ द्वितिय स्रोत २३
३.४ तथ्यांकका साधनहरु २३
३.४.१ अन्तरवार्ता प्रश्नावली २३
३.४.२ अवलोकन फारम २४
३.५ तथ्याङ्क सङ्कलन विधि २४
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २४
परिच्छेद चार : नतिजाको छलफल २५-३९

४.१. सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था २५

४.१.१कर्मचारीको नियुक्ति, सरुवा र बढुवा प्रक्रिया २६

४.१.२ कर्मचारीलाई प्रदान गरिने तलवभत्ता तथा सेवा सुविधाहरु २९

४.२ कर्मचारी व्यवस्थापनले शिक्षामा प्रभाव पार्ने तत्वहरु ३१

४.३ सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनका समस्याहरु ३४

४.३.१ विद्यालयमा आवश्यक शैक्षिक सामग्री समयमा उपलब्ध नहुने ३४

४.३.२ विद्यालयमा शिक्षणका लागि उपयुक्त वातावरण तयार हुननसकेको ३५

४.३.४ विद्यार्थीलाई सिकाइप्रति निराशा पैदा हुने गरेको ३५

४.४ सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु ३६

४.४.१ कर्मचारी नियुक्ति प्रक्रिया निष्पक्ष हुनु पर्ने ३६

४.४.२ समय सापेक्षा पारिश्रमिक र सेवा सुविधा प्रदान गरिनु पर्ने ३७

४.४.३शिक्षक, कर्मचारी र विद्यालय प्रशासन बिचको सम्बन्धसुमधुर हुनुपर्ने ३७

४.४.४ कार्यरत कर्मचारीको कार्यविभाजन हुनु पर्ने ३८

४.४.५ कार्यरत कर्मचारीका लागि तालिमको व्यवस्था हुनुपर्ने ३८

४.४.६ विद्यालयमा बढ्दो राजनीतिलाई कम गरिनु पर्ने ३९

४.४.७ दण्ड तथा पुरस्कारको व्यवस्था गरिनु पर्ने ३९

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू** ४०-४६

५.१ निष्कर्ष ४०

५.२ सुझावहरु ४५

५.२.१ नीतिगत तह ४५

५.२.२ कार्यान्वयन तह ४५

५.२.३ थप अनुसन्धान तह ४६

**सन्दर्भसूची**

**अनुसूचीहरु**